# प्रदेश लोक सेवा आयोग

**लुम्बिनी प्रदेश, बुटवल**

**(अन्तर्वार्ता तथा सिफारिस शाखा)**

## विषय: वैकल्पिक उम्मेदवार सिफारिस सम्बन्धी सूचना

**सूचना नं. २१६/२०८२-८३, मितिः २०८३/०१/०९**

यस आयोगको विज्ञापन नं. ५००३३/२०८१-८२ (आ.ज. महिला), प्रदेश निजामती सेवा अन्तर्गत प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायकस्तर चौंथो तह, प्रशासन सहायक पदमा सिफारिस भएका मुख्य उम्मेदवार सन्तोषी चौधरीले लोक सेवा आयोग, दाङ कार्यालयबाट नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.अनं. द्वितीय श्रेणी खरिदार पदमा सिफारिस भई स्थायी नियुक्ति लिई जिल्ला हुलाक कार्यालय रोल्पामा गएकोले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपालको च.नं. १८५४ मिति २०८३/०१/०२ को प्राप्त पत्रबाट उक्त रिक्त हुन गएको पदमा वैकल्पिक सिफारिस गरिदिन अनुरोध भई आएको हुँदा आयोगको सोही विज्ञापनको सिफारिस सम्बन्धी सूचनाबाट वैकल्पिक योग्यताक्रममा रहेका देहायका उम्मेदवारलाई प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम ३४ बमोजिम स्थायी नियुक्तिका लागि वैकल्पिक उम्मेदवार सिफारिस गर्ने भनी मिति २०८३/०१/०९ मा आयोगस्तरीय निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

सूचना नं. ८८/२०८२-८३ मिति: २०८२/०५/१७

**योग्यताक्रमबाट हटाइएको उम्मेदवारको विवरण**

| यो. क्र.नं. | रोल नं. | उम्मेदवारको नामथर | ठेगाना | बाबु/बाजेको नाम | रिक्त हुनाको कारण | सिफारिस गरिएको निकाय |
|---|---|---|---|---|---|---|
| २ | ३७२ | सन्तोषी चौधरी | तुलसीपुर-८, दाङ | विक्रम/ शुकलाल | मुख्य उम्मेदवार लोक सेवा आयोग, दाङ कार्यालयबाट सिफारिस भई खरिदार पदमा स्थायी नियुक्ति भई जिल्ला हुलाक कार्यालय रोल्पामा गएको । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपाल |

**वैकल्पिक सिफारिस गरिएको उम्मेदवारको विवरण**

| वै.यो. क्र.नं. | रोल नं. | उम्मेदवारको नामथर | ठेगाना | बाबु/बाजेको नाम | सिफारिसको आधार | सिफारिस गरिएको निकाय |
|---|---|---|---|---|---|---|
| ३ | ५८४ | सर्मिला गुरुङ्ग | इस्मा-४, गुल्मी | उमबहादुर/ चन्द्रबहादुर | मुख्य उम्मेदवार अन्यत्र सिफारिस भई गएकोले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपालले वैकल्पिक उम्मेदवार सिफारिस गरि पठाउन अनुरोध गरेको । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपाल |

पुनश्चः सिफारिस भएका उम्मेदवारलाई सिफारिस पत्र मिति २०८३/०१/१० गते दिनको ११:०० बजे पछि दिइनेछ ।

(अर्जुन राज पाण्डे)
वरिष्ठ अधिकृत (कम्प्युटर)

(लक्ष्मी पौडेल अर्याल)
वरिष्ठ अधिकृत (सा.प्र.)

(गोविन्द प्रसाद पाण्डे)
वरिष्ठ शाखा अधिकृत